आज मिति २०७७ साल माघ २१ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को छैठौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

क्र.सं	नाम, थर	पद	हस्ताक्षर
१	श्री गुणेन्द्र घर्ती	गाउँपालिका अध्यक्ष	
२	श्री बाग्मती क्षेत्रीनी	गाउँपालिका उपाध्यक्ष	
३	श्री केशवलाल कवर	वडा अध्यक्ष वडा नं. १	
४	श्री नेत्र बहादुर गिरी	वडा अध्यक्ष वडा नं. २	
५	श्री गञ्ज बहादुर क्षेत्री	वडा अध्यक्ष वडा नं. ४	
६	श्री नमराज थापा	वडा अध्यक्ष वडा नं. ५	
७	श्री अर्जुन सुवेदी	वडा अध्यक्ष वडा नं. ६	
८	श्री मानसिं पुन	वडा अध्यक्ष वडा नं. ७	
९	श्री पुर्ण बहादुर पुन	वडा अध्यक्ष वडा नं. ८	
१०	श्री सुना परियार	कार्यपालिका सदस्य वडा नं. ५	
११	श्री आशा सुनार	कार्यपालिका सदस्य वडा नं. ६	
१२	श्री सुनिता रोकामगर	कार्यपालिका सदस्य वडा नं. ७	
१३	श्री मन्सरी वि.क.	कार्यपालिका सदस्य वडा नं. ८	
१४	श्री तुल्सी सुनार	कार्यपालिका सदस्य वडा नं. १	
१५	श्री चन्द्र मरमथानी	कार्यपालिका सदस्य वडा नं. २	
१६	श्री केशवराज पार्धे	सचिव, प्रमुख प्रशासकीय अधिकृत	
आमन्त्रित			
१	श्री गिर बहादुर विष्ट	का.वा. वडा अध्यक्ष वडा नं. ३	
सहयोगी कर्मचारीहरु			
१	मधुसुदन गैरे	लेखा अधिकृत	
२	पदम प्रसाद रिजाल	नायव सुव्वा (पाँचौ)	
३	दुर्योधन महरा	सहायक कम्प्यूटर अपरेटर	

प्रमुख प्रशासकीय अधिकृत

छैठौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) लघु उद्यम विकास कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।
२) 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध सम्बन्धमा ।
३) निःशुल्क जग्गा प्राप्ती सम्बन्धमा ।
४) लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा ।
५) कार्यविधि स्वीकृत सम्बन्धमा ।
६) विद्यालय शौचालय निर्माण सम्बन्धमा ।
७) स्वास्थ्यकर्मीहरु आइसुलेसनमा खटे वापतको रकम भुक्तानी सम्बन्धमा ।
८) शिक्षा समिति वैठक अनुमोदन सम्न्धमा ।
९) प्रदेश लोकसेवा आयोगसँग कर्मचारी माग सम्बन्धमा ।
१०) यस गाउँपालिका र नीतिशाला नेपाल विचको साझेदारी समझदारी पत्र २०७७ अनुमोदन सम्बन्धमा ।
११) फोहोर मैला व्यवस्थापन तथा गाडि पार्किङ सम्बन्धमा ।
१२) कोशेली घर सञ्चालन सम्बन्धमा ।
१३) वहु क्षेत्रीय पोषण कार्यक्रम निर्देशक समितिबाट छनौट भएका कार्यक्रम अनुमोदन सम्बन्धमा ।
१४) वास योजना स्वीकृत सम्बन्धमा ।
१५) विविध छलफल सम्बन्धमा ।

२०७७ माघ २१ गते बसेको छैठौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं.	प्रस्ताव	संक्षिप्त व्यहोरा	प्रस्तावित निर्णय	निर्णय
१	लघु उद्यम विकास कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।	लघु उद्यम विकास कार्यक्रम सञ्चालन तथा लघु उद्यमिको स्तरोन्तिको लागि वडा छनौट गर्न आवश्यक रहेको ।	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद-४, दफा २१ वमोजिम कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाका वडा नं. १ र ५ छनौट गर्ने तथा लघु उद्यमिको स्तरोन्तिको लागि यस भन्दा अगाडि कार्यक्रम सञ्चालन भएको वडा नं. २ हिले वडा नं. ४ बाग्मा, वडा नं. ७ तेबाङमा गर्ने र अनुसुची-१ बमोजिमका कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड गर्नुपर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
२	'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध सम्बन्धमा ।	त्रिपुरेश्वरी निर्माण सेवा प्रा.ली.लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराइएकोलाई अनुमोदन गर्नुपर्ने ।	त्रिपुरेश्वरी निर्माण सेवा प्रा.ली.लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गरिएको हुदाँ सोको अनुमोदन गर्ने साथै अव उपरान्त कार्यपालिकाको वैठकले इजाजत पत्र प्रदान गर्ने व्यवस्था भएको हुँदा उक्त अधिकार गाउँपालका अध्यक्षलाई प्रत्यायोजन गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
३	निःशुल्क जग्गा प्राप्ती सम्बन्धमा ।	१५ शैयाको अस्पताल तथा स्वास्थ्य चौकी स्थापनाका लागि निःशूल्क जग्गा उपलब्ध भएका जग्गा लिनुपर्ने ।	१५ शैयाको अस्पताल निर्माणका लागि निःशुल्क जग्गा प्राप्ती गर्न तपशिल बमोजिमको जग्गा प्राप्ति समिति गठन गर्ने समितिबाट छनौट भई आए पश्चात आगामी कार्यपालिका वैठकमा पेश गर्ने र वडा ५ को स्वास्थ्य चौकी स्थापनाका लागि बागमती क्षेत्रीनीको नाममा रहेको कित्ता नं. ७७१ र ७७३ बाट प्राविधिक दृष्टिकोणबाट उपयुक्त देखिएको जम्मा ३ रोपनी जग्गा निशुल्क प्राप्त गनेपर्ने । **तपशिल** १) गञ्ज बहादुर क्षेत्री वडा अध्यक्ष वडा नं. ४ संयोजक २) नेत्र बहादुर गिरी वडा अध्यक्ष वडा नं. २, सदस्य ३) गिर बहादुर विष्ट का.वा वडा अध्यक्ष वडा नं. ३, सदस्य	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

४	लागत अनुमान, प्रस्ताव पत्र, बोलपत्र स्वीकृत गर्ने अधिकार प्रदान सम्बन्धमा ।	सार्वजनिक निर्माण तथा परामर्श कार्यको लागि लागत अनुमान, परामर्श प्रस्ताव तथा बोलपत्र स्वीकृत गर्ने अधिकार प्रदान गर्न आवश्यक देखिएको ।	सार्वजनिक खरिद नियमावली २०६४ मा लागत अनुमान, परामर्श प्रस्ताव तथा बोलपत्र स्वीकृत गर्ने अधिकार विभिन्न तहका पदाधिकारीलाई प्रदान गरिएको हुँदा राजपत्रांकित तृतीय श्रेणीको अधिकार प्रमुख प्रशासकीय अधिकृतबाट, राजपत्राकित द्वितीय श्रेणी तथा प्रथम श्रेणीको अधिकार गाउँपालिका अध्यक्षबाट र विभागीय प्रमुखको अधिकार गाउँ कार्यपालिकाबाट प्रयोग गर्ने र यस अघि भएका निर्णय समेत यसै निर्णय बमोजिम भएको मानी अनुमोदन गर्नुपर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
५	कार्यविधि स्वीकृत सम्बन्धमा ।	गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधिहरु तयार भई पेश हुन आएका विभिन्न कार्यविधिहरु पारित गर्नुपर्ने ।	गाउँपालिकालाई आवश्यक पर्ने वाल संरक्षण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७, महिला विकास समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७, र कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि, २०७७ लाई पारित गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
६	विद्यालय शौचालय निर्माण सम्बन्धमा ।	सर्शत अनुदान शिक्षा तर्फ प्राप्त भएको विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानका लागि विद्यालय शौचालय छनौट गर्नुपर्ने ।	सर्शत अनुदान शिक्षा तर्फ प्राप्त भएको विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानका लागि प्राप्त भएको रु १ करोड १६ लाख रुपैयाबाट WASH सुविधा भएको शौचालय निर्माणका लागि रु ७ लाख वडा नं. ७ को लिस्ने बाल प्राथमिक विद्यालय तेबाङलाई छनौट गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
७	स्वास्थ्यकर्मीहरु आइसुलेसनमा खटे वापतको रकम भुक्तानी सम्बन्धमा ।	आइसुलेसनमा खटेका स्वास्थ्यकर्मीहरुलाई आइसुलेसनमा खटे वापतको रकम भुक्तानी गर्न आवश्यक देखिएको ।	कोभिड-१९ का विरामिहरुको स्वास्थ्य चेकजाँचका लागि जिल्ला आइसुलेसन लिबाङ रोल्पामा यस गाउँपालिका अन्तर्गत सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा कार्यरत डा.अमिन तुईतुई, खुंग्रि स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. श्री छवि सुनारलाई १ महिनाको तलब बराबरको रकम प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने साथै कार्यालय सहयोगी श्री मनिष बुढामगरलाई आइसुलेसन खटे उपलब्ध गराइएको रकमको अनुमोदन गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
८	शिक्षा समिति वैठक अनुमोदन सम्न्धमा ।	मिति २०७७/१०/१८ गते बसेको गाउँ शिक्षा समितिको वैठकलाई अनुमोदन गर्नुपर्ने ।	मिति २०७७/१०/१८ गते बसेको गाउँ शिक्षा समितिको चौथो वैठकबाट भएका निर्णयहरुलाई अनुमोदन गर्नुपर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
९	प्रदेश लोकसेवा आयोगसँग कर्मचारी माग सम्बन्धमा ।	प्रदेश लोक सेवा आयोगमासँग यस गाउँपालिकामा रिक्त रहेका कर्मचारीहरु माग गर्न आवश्यक रहेको ।	प्रदेश लोक सेवा आयोगको प.सं. २०७७/०७८, च.नं. २३०, मिति २०७७/०९/१९ को पत्रानुसार यस गाउँपालिकामा रिक्त रहेका सहायक पाँचौ तहका ४ जना कर्मचारी माग गर्नुपर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१०	यस गाउँपालिका र नीतिशाला नेपाल विचको साझेदारी समझदारी पत्र २०७७ अनुमोदन सम्बन्धमा ।	यस सुनिलस्मृति गाउँपालिका र नीतिशाला नेपालबिचको साझेदारी समझदारी पत्र २०७७ लाई अनुमोदन गर्न आवश्यक रहेको ।	यस सुनिलस्मृति गाउँपालिका र नीतिशाला नेपाल बिच मिति २०७७/१०/०१ देखि मिति २०७८/४/३० गते सम्म लागु हुने गरि साझेदारी समझदारी पत्र २०७७ लाई अनुमोदन गर्नुपर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

११	फोहोर मैला व्यवस्थापन तथा गाडि पार्किङ सम्बन्धमा ।	सुलिचौर, रुइनिबाङ बजार क्षेत्र भित्रको फोहोर व्यवस्थापन तथा गाडि पार्किङलाई व्यवस्थीत गर्न आवश्यक देखिएको ।	यस गाउँपालिका वडा नं. ३ रुइनिबाङ तथा वडा नं. ४ सुलिचौर बजार क्षेत्र भित्र फोहोर व्यवस्थापनका लागि वडा नं. ३ मा रहेको पाल्लोवन सामुदायिक वनसँग समन्वय गर्न वडा नं. ३ का.वा. अध्यक्षलाई जिम्मा दिने तथा सोही स्थानहरुमा अव्यवस्थित रुपमा सडकको दायाँबायाँ गाडि पार्किङ हुदै आएको र बजार अस्तव्यस्त भई दुर्घटनाको उच्च जोखिम समेत रहेको हुदाँ अव उपरान्त सडकको दायाँबायाँ गाडि पार्किङलाई निषेध गरि निर्माणाधिन बसपार्क फगाम खोला दोभानमा पार्किङ गर्न लगाउने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१२	कोशेली घर सञ्चालन सम्बन्धमा ।	कोशेली घर निर्माण तथा सञ्चालन गर्न आवश्यक देखिएको ।	प्रदेश सरकारबाट सर्श अनुदान तर्फ प्राप्त भएको रु १० लाख तथा गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने रु. १० लाखको कोशेली घर निर्माणका लागि वडा नं. २ मा अवस्थीत चतुर्भूज मन्दिर आसपास क्षेत्रमा रहेको जग्गा भाडामा लिइ कोशेली घर निर्माण गर्ने र जग्गा खोजी गर्नका लागि वडा नं. २ का वडा अध्यक्षलाई जिम्मा दिने । गाउँपालिकाबाट व्यहोर्ने रकम रु. १० लाख समपुरक कोषबाट व्यहोर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१३	वहु क्षेत्रीय पोषण कार्यक्रम निर्देशक समितिबाट छनौट भएका कार्यक्रम अनुमोदन सम्बन्धमा ।	वहु क्षेत्रीय पोषण कार्यक्रम निर्देशक समितिबाट छनौट भएका कार्यक्रम अनुमोदन गर्न आवश्यक रहेको ।	मिति २०७७/१०/११ गते बसेको बहु क्षेत्रीय पोषण कार्यक्रम निर्देशक समितिबाट छनौट भएको सम्पूर्ण कार्यक्रमहरुलाई स्वीकृत गर्नुपर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१४	वास योजना स्वीकृत सम्बन्धमा ।	वास योजना स्वीकृत गर्न आवश्यक रहेको ।	गाउँ कार्यपालिकाको कार्यालयबाट तयार गरी पेश हुन आएको सुनिलस्मृति गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना, २०७७ लाई स्वीकृत गर्नपर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१५	विविध छलफल सम्बन्धमा ।	प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । **क)** प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।।	**क)** नेपाल विद्युत प्राधिकरण रोल्पा वितरण केन्द्रको प.सं. २०७७/०७८, च.नं. ४४२, र मिति २०७७/१०/१८ को पत्रानुसार बक्यौता विद्युत पहशुल बझाउने पुन : ताकेता पत्र प्राप्त भएको हुदाँ यस गाउँपालिकाको पानी तथा विजुली खर्च शिर्षकबाट हाल रु. २ लाख ५० हजार रकम नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची-१

कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड

१) नयाँ लघु उद्यमी सिर्जना तर्फ

सि.नं.	क्रियाकलापहरु	कुल बजेटको दायरा	बजेट प्रतिशत दायरा	बजेट	कार्यक्रम संचालन	कैफियत
१	उद्यम विकासका लागि सामाजिक परिचालन	2280000	3	68400	स्थानिय तह आफैले सहजकर्ता मार्फत	
२	उद्यमशिलता विकास तालिम (आफ्नो व्यवैसाय सुरुवात तथा सुधार)	2280000	9	205200	स्थानिय तह आफैले संचालन गर्ने सहजकर्ता मार्फत	
३	प्राविधिक सीप विकास तालिम	2280000	40	912000	सेवा प्रदायक सस्था मार्फत गर्ने सक्ने	
४	प्रविधी हस्तान्तरण	2280000	18	410400	स्थानिय तह आफैले गर्ने	
५	वित्तिय सेवामा पहुँच	2280000	3	68400	स्थानिय तह आफैले संचालन गर्ने सहजकर्ता मार्फत	
६	बजारी करणमा सहयोग	2280000	3	68400	स्थानिय तह आफैले संचालन गर्ने सहजकर्ता मार्फत	
७	उद्यम विकास सहजकर्ता परिचालन	2280000	24	547200	स्थानियले सेवा करार सम्झौता गरी परिचालन गर्ने	
	जम्मा			2280000		

२) लघुउद्यमीकी स्तरोउन्नती तर्फ

सि.नं.	क्रियाकलापहरु	कुल बजेटको दायरा	बजेट प्रतिशत दायरा	बजेट	कार्यक्रम संचालन	कैफियत
१	उद्यमीहरुको स्तरोउन्नती(पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम)	480000	100	480000	स्थानिय तह आफैले सहजकर्ता मार्फत	
२	समुहमा प्रविधी हस्तान्तरण	140000	100	140000	स्थानिय तह आफैले सहजकर्ता मार्फत	
३	साझा सुविधा केन्द्र (उद्यम घर)	०	०	0	स्थानिय तह आफैले सहजकर्ता मार्फत	बजेट व्यवस्था नभएको
	जम्मा			620000		
	जम्मा (१+२)			2900000		

प्रमुख प्रशासकीय अधिकृत